नामः
ठेगानाः
शुल्क बुझेको मितिः

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, चैत २ गते २०३८ साल (संख्या ४८

श्री ५ को सरकार

### कृषि मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी निम्न खाद्य पदार्थको गुणस्तर वा मात्रा देहायबमोजिम तोकेकोले यो आदेश जारी गरिएको छ ।

०५.०१ चिया भन्नाले कोमेलिया जात (Camellia genus) का बिरुवाको पात, पालुवा कलिला डाँठबाट मात्र तयार गरिएको चिया (पत्ता, टुक्रा र धूलो) लाई सम्झनुपर्दछ । यसमा अन्य बाहिरी रङ्ग हालेको हुनुहुँदैन र यो निम्न गुणस्तर परिधि अनुरूपको हुनुपर्दछ ।

सम्पूर्ण भष्म (१००° से. तापक्रम स्थीर तौलमा ल्याई सुकाएको चियाको)— — ५.५ देखि ८.० प्रतिशतसम्म ।

उमालेको पानी (Boiling distilled water) मा घुलित कुल भष्म — — सम्पूर्ण भष्मको ४०.० प्रतिशतमा नघटेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

285

हाइड्रोक्लोरिक एसिड (Hcl) मा नघुल्ने भष्म – – १.० प्रतिशतमा नबढेको ।

सुकेको चिया (१००° से. तापक्रममा स्थीर तौलमा ल्याई सुकाइएको चिया) लाई १०० भाग उमालेको पानी (Boiling distilled water) मा एक घण्टासम्म रिफलक्स गरी निस्केको उद्धृत तत्त्व (Extract) – – ३५.० प्रतिशतमा नघटेको ।

घुलनशील भष्मको क्षारीय गुण (Alkalinity) $K_2O$ को हिसाबले – – १.० देखि २.० प्रतिशतसम्म

क्रुड फाइवर (Crude fibre) (१००° से. तापक्रममा स्थीर तौलमा ल्याई सुकाइएको चियाको) – – १५.० प्रतिशतमा नबढेको ।

केफिन (Caffeine) – – २.३ प्रतिशतमा नघटेको ।

आज्ञाले–
वेदबहादुर खड्का
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।